# बुद्धशान्ति गाउँपालिका

# बुद्धशान्ति राजपत्र

## बुद्धशान्ति गाउँपालिकाद्वारा प्रकाशित

| खण्डः ७ | संख्याः ३ | प्रकाशित मितिः २०८०।०२।३२ |
|---|---|---|
| कार्यपालिकाबाट स्वीकृतः २०८०।०२।२० | | |

**भाग - २**

**बुद्धशान्ति गाउँपालिका**

**सम्वत २०८० सालको कार्यविधि नं. ३**

**बुद्धशान्ति गाउँपालिकामा सेवा करारमा जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८०**

प्रस्तावनाः बुद्धशान्ति गाउँपालिकामा सेवा करारमा जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले गाउँ कार्यपालिकाको **मिति २०८०।०२।२० गते बसेको बत्तीसौं बैठकले** यो कार्यविधिको पहिलो संशोधन गरी जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः यस कार्यविधिको नाम "बुद्धशान्ति गाउँपालिकामा सेवा करारमा जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८०" रहेको छ ।

२. योे कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

३. मुल कार्यविधिको प्रस्तावना लगायत विभिन्न दफा तथा उपदफामा उल्लेखित सामुदायिक विद्यालय भन्ने शब्दावलीहरू झिक्ने ।

४. मुल कार्यविधिको दफा ३ (क) र ३ (ख) मा संशोधनः

दफा ३ (क) को सट्टा देहाय बमोजिम राख्नेः (क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत - संयोजक ।

दफा ३ (ख) को सट्टा देहाय बमोजिम राख्नेः (ख) विषय विज्ञको रूपमा कार्यालयले तोकेको सरकारी सेवाको अधिकृत स्तरको कर्मचारी - सदस्य ।

५. मुल कार्यविधिको दफा ४ मा थपः

दफा ४ को उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छः

(४) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि गाउँपालिका वा मातहतका कार्यालयहरू (अस्पताल वा मातहत समेत) मा आवश्यक कर्मचारी गाउँ कार्यपालिकाको निर्णयानुसार प्रदेश लोकसेवा आयोग वा संघीय लोकसेवा आयोगले प्रकाशन गरेको वैकल्पिक वा अस्थायी उम्मेदवारहरूको सूचीबाट मिल्दो पद र तह अनुसारको कर्मचारी सेवा करारमा पदपूर्ति गर्न सकिनेछ।

६. मुल कार्यविधिको दफा ७ को उपदफा (५) मा संशोधनः

दफा ७ को उपदफा (५) को सट्टा देहायको उपदफा राख्नेः

उपदफा (१) बमोजिम मूल्याङ्कन गर्दा न्यूनतम ४० प्रतिशत अंक प्राप्त गर्ने आवेदकहरू मध्येबाट उपलब्ध भएमा माग पद संख्याको १:१० को अनुपातमा (अर्थात एक पद संख्याका लागि अधिकतम १० जनाको दरमा) र उल्लेखित

अनुपात भन्दा कम संख्यामा आवेदन भएमा उपलब्ध संख्यालाई प्रारम्भिक योग्यताक्रममा समावेश गर्न बाधा पर्ने छैन ।

तर प्राप्ताङ्क बराबर भएमा बराबर प्राप्ताङ्क भएका सबै उम्मेदवारहरूलाई प्रारम्भिक योग्यताक्रमको सूचीमा समावेश गर्नु पर्नेछ ।

७. मुल कार्यविधिको दफा ९ को उपदफा (१) र उपदफा (२) मा संशोधनः

दफा ९ को उपदफा (१) को सट्टा देहायको उपदफा राख्ने,

(१) प्रारम्भिक योग्यताक्रमको सूचीमा परेका उम्मेदवारहरू मध्येबाट दफा ५ बमोजिमको सेवा सँग सम्बन्धित कर्मचारी छनौट गर्न सम्बन्धित पदको लागि प्रदेश लोकसेवा आयोग, कोशी प्रदेशले निर्धारण गरेको पाठ्यक्रम बमोजिम परिक्षा सञ्चालन हुनेछ ।

दफा ९ को उपदफा (२) को सट्टा देहायको उपदफा राख्ने,

(२) उपदफा (१) बमोजिमको आयोगले पाठ्यक्रम निर्धारण नगरेको हकमा संघीय लोकसेवा आयोगले तोकेको पाठ्यक्रम अनुसार परीक्षा सञ्चालन गरी पदपूर्ति गर्न बाधा पर्ने छैन ।

८. मुल कार्यविधिको दफा ९ को उपदफा (३) झिकिएको छ ।

आज्ञाले,
युवराज कट्टेल
प्रमुख प्रशासकीय अधिकृत